**Prithvi Darpan**
**Vol. 7, Issue 1, February 2025**
**Department of Nepali Education, Prithvi Narayan Campus, (TU)**
**Pokhara, Nepal**
**ISSN : 2594-3413**

# प्रश्नावली निर्माणमा विशिष्टीकरण तालिकाको उपयोग

**अर्जुनप्रसाद सुवेदी**
**उपप्राध्यापक**
**नेपाली शिक्षा विभाग, पृथ्वीनारायण क्याम्पस, पोखरा**
Email: arjun.subedi2024@gmail.com

Received date : 8 December 2024, Reviewed date : 6 January 2025, Accepted date : 7 February 2025

**लेखसार**

प्रस्तुत अनुसन्धानमूलक आलेख भाषिक मूल्याङ्कनका क्षेत्रमा आधारित छ। यस आलेखमा विशिष्टीकरण तालिकाका आधारमा प्रश्नावली निर्माण कसरी गर्न सकिन्छ भन्ने समस्याकथनमा केन्द्रित भई अध्ययन गरिएको छ । समस्याकथनमा आधारित भई विशिष्टीकरण तालिकाका आधारमा प्रश्नावली निर्माणका तरिकाहरू सुझाउनु प्रस्तुत अनुसन्धानको उद्देश्य हो। अनुसन्धानबाट सम्बन्धित शोधार्थीहरूमा विशिष्टीकरण तालिकालाई आधार बनाई प्रश्नावली निर्माण गर्ने ज्ञान र सिपको विकास हुन सक्ने देखिन्छ । त्यसका लागि आधारभूत तहको कक्षा पाँचको नेपाली भाषाको पाठ्यांशमा केन्द्रित रही अनुसन्धेय कार्य गरिएको छ । अध्ययनमा गुणात्मक अनुसन्धान विधि, व्याख्यावादी दर्शन र भाषिक मूल्याङ्कनका सिद्धान्तलाई आधार बनाइएको छ। यसका लागि पुस्तकालय कार्यमा आधारित भई द्वितीयक स्रोतका सामग्रीबाट आवश्यक तथ्याङ्क सङ्कलन गरी तिनको शाब्दिक व्याख्या गरिएको छ । अध्ययनबाट विशिष्टीकरण तालिकालाई आधार बनाई तयार गरिएको प्रश्नावली मापनीय, प्रामाणिक र उद्देश्यपूर्ण हुन्छ भन्ने निष्कर्ष निकालिएको छ । निर्मित प्रश्नावली पनि स्पष्ट मापनीय, दोहोरो अर्थ नलाग्ने र एउटा प्रश्नावलीले एउटै मात्र ज्ञान, सिप, उच्च दक्षता प्राप्त गर्नेतर्फ अभिमुख हुनुपर्ने देखिन्छ । परीक्षण प्रश्नहरू वस्तुगततर्फ बहुवैकल्पिक, खाली ठाउँ भर्ने, ठिक बेठिक छुट्याउने र जोडा मिलाउने गरी चार प्रकारका हुन्छन् । यस्ता प्रश्नहरू पाठ्यवस्तुको प्रकृतिअनुसार विविधता हुन्छ । अध्ययनमा पाठ्यक्रम विश्लेषित परीक्षणीय उद्देश्यको निर्धारण, प्रयोजनपरक परीक्षणीय वस्तुको छनोट, परीक्षणीय वस्तु र युक्तिको सहसम्बन्धलाई आधार बनाइएको छ। अतः भाषिक मूल्याङ्कनसँग सम्बन्धित अध्येताका लागि प्रस्तुत अध्ययन उपयोगी हुने देखिन्छ ।

***शब्दकुञ्जी :*** तथ्य, परीक्षण, प्रश्नावली, प्रामाणिक, विशिष्टीकरण

*Copyright 2025 © the Author (s) and the Publisher*

## विषय प्रवेश

वस्तुपरक र वैज्ञानिक ढङ्गले नवीन तथ्य पत्ता लगाउने र पुराना तथ्यलाई समयानुकूल परिवर्तन गर्दै नवीन किसिमले प्रस्तुत गरी प्रामाणिक निष्कर्ष दिने प्रक्रिया नै शोध हो । शोध कुनै पनि सिद्धान्त वा धारणाको पछि लागेर व्यवस्थितं एवम् तर्कसम्मत् प्रक्रियाको अवलम्बन गरी नयाँ तथ्य पत्ता लगाउनु र पुरानै तथ्यको परीक्षण वा पुनर्व्याख्या गर्नु पनि हो (बन्धु, २०५२, पृ. १) । शोध कार्यलाई व्यवस्थित तथा प्रामाणिक बनाउन तथ्याङ्क सङ्कलनमा विशेष ध्यान दिनु आवश्यक हुन्छ । यदि तथ्याङ्क नै गलत भयो भने शोधको निष्कर्षलाई सामान्यीकरण गर्न सकिन्न । यसकारण तथ्याङ्क सङ्कलनको एक साधनका रूपमा प्रश्नावली निर्माण पनि महत्त्वपूर्ण ठानिन्छ । यस्ता प्रश्नावली निर्माण गर्ने क्रममा शोधको उद्देश्य र सीमा अनुरूप विषयवस्तुको क्षेत्र निर्धारण गरी विशिष्टीकरण तालिका निर्माण गर्नु पर्दछ । यसर्थ परीक्षणलाई विश्वसनीय बनाई सामान्यीकरण गर्न सकिने बनाउनका लागि विशिष्टीकरण तालिका अनुरूप प्रश्नावली निर्माण गर्न आवश्यक हुन्छ ।

प्रस्तुत अनुसन्धानसँग सम्बन्धित भएर यसपूर्व केही कार्यहरू भएका छन् । यसअन्तर्गत पौडेल (२०७६) ले भाषिक परीक्षणमा विशिष्टीकरण तालिकालाई आधार बनाउनुपर्ने बताएका छन् । यसै गरी शर्मा (२०७५) ले भाषिक अनुसन्धानमा उपकरण निर्माण प्रक्रियाका विषयमा चर्चा गरेका छन् । यस्तै ज.व.रा. र श्रेष्ठ (२०६७), भट्टराई र अन्य (२०७४), सुवेदी (२०८०), शर्मा (२०८०) को अध्ययनमा पनि भाषिक मूल्याङ्कनअन्तर्गत रहेर परीक्षणका साधन र तिनको उपयोगका सम्बन्धमा अध्ययन गरिएको छ । यसो भए तापनि आधारभूत तहको कक्षा पाँचमा केन्द्रित रही प्रश्नावली निर्माणमा विशिष्टीकरण तालिकाको उपयोग कसरी गर्ने भन्ने विषयमा स्पष्ट चर्चा भएको पाइँदैन । यसबाट पूर्व अध्ययन र प्रस्तुत अध्ययन बिच अन्तराल देखिन्छ । यसले पनि यस अध्ययनको औचित्य पुष्टि हुन्छ । अध्ययनबाट उपकरण निर्माणमा प्रश्नवालीको उपयोग गर्ने बारे स्पष्ट ज्ञान र सिप प्राप्त हुने हुनाले अध्ययनको महत्त्व देखिन्छ । अध्ययनलाई आधारभूत तहको नेपाली भाषा सिकाइमा परिसीमित गरिएको छ ।

कुनै पनि शोध पत्र लेखनमा प्रश्न निर्माण गर्नुभन्दा पहिले शोधको प्रकृति अनुरूप प्रश्नहरूको निर्माणमा परीक्षणीय वस्तु वा पक्षहरू, प्रश्नका प्रकृति, प्रश्नका प्रकार, प्रश्न संख्या, अङ्कभार, समय आदिको सन्तुलन मिलाउनु अति आवश्यक हुन्छ । अन्यथा शोधमा समेट्नु पर्ने कतिपय महत्त्वपूर्ण पक्ष छुट्न सक्छन् भने कतिपय अनावश्यक पक्षहरू पनि समावेश हुन सक्छन् । शोधमा सबै पक्षहरूलाई प्रश्नअन्तर्गत पूर्ण रूपमा समेट्न नसकिए पनि प्रतिनिधिमूलक परीक्षण भने हुनुपर्छ । उपर्युक्त कुराहरूमा विचार पुऱ्याई प्राप्त समयभित्र परीक्षणीय वस्तुहरूको उपयुक्त प्रतिनिधित्व गराउन विशिष्टीकरण तालिकाले ठूलो सहयोग पुऱ्याउँछ (सुवेदी, २०७४, पृ. १६२) । शोधार्थीले शोधकार्यलाई प्रभावकारी बनाउन विशिष्टीकरण तालिका निर्माण गरी सोही अनुरूप प्रश्नावली तयार पार्नु अनिवार्य हुन्छ ।

## समस्याकथन र अध्ययनको उद्देश्य

पाठ्यक्रमले अपेक्षा गरेका उद्देश्यहरूको मापन गर्ने माध्यम परीक्षण हो । विद्यालयदेखि विश्वविद्यालय तहसम्म गरिने परीक्षणले विद्यार्थीको सिकाइ स्तर मापन गर्दछ । यस तथ्यलाई आधार

बनाउँदा धेरै प्राश्निकहरू विशिष्टीकरण तालिका के हो र यसको उपयोग किन गरिन्छ भन्ने विषयमा समेत स्पष्ट नभएको पाइन्छ । अर्कोतर्फ विशिष्टीकरण तालिकाको सही उपयोग नहुँदा पनि पाठ्यक्रमले सार्थकता पाएको देखिँदैन । यही मूल समस्या वा प्राज्ञिक जिज्ञासामा आधारित भई परीक्षणमा विशिष्टीकरण तालिकाको निर्माण र उपयोग कसरी गर्न सकिन्छ ? साथै परीक्षणमा प्रश्नावली निर्माण र यसका नमुना तयार पार्ने आधारहरू के के हुन् ? भन्ने अनुसन्धान प्रश्नमा प्रस्तुत अध्ययन आधारित छ । भाषिक मूल्याङ्कनअन्तर्गत प्रश्नावली निर्माणमा विशिष्टीकरण तालिकाको उपयोग आवश्यक छ भन्ने तर्क नै यस अनुसन्धानको दाबी हो । अतः यही समस्याकथन र अघि सारिएको दाबीमा आधारित प्रस्तुत अनुसन्धानका उद्देश्यहरू यस प्रकार छन् :

क) परीक्षणमा विशिष्टीकरण तालिकाको निर्माण गरी उपयोग गर्नु

ख) विशिष्टीकरण तालिकाअनुसार प्रश्नावली निर्माणका नमुनाहरू तयार पार्नु,

## अनुसन्धान विधि र प्रक्रिया

प्रस्तुत अनुसन्धान गुणात्मक विधिमा आधारित छ । यसका लागि व्याख्यावादी दृष्टिकोण र भाषिक मूल्याङ्कनका सिद्धान्तलाई आधार बनाइएको छ । अनुसन्धानमा पुस्तकालय कार्यमा आधारित भई द्वितीयक स्रोतबाट तथ्य सङ्कलन गरिएको छ । यसमा अनुसन्धानमूलक लेख, सन्दर्भ पुस्तक, पाठ्यपुस्तक, शोधपत्र र शोध प्रबन्धलाई आधार बनाइएको छ । सङ्कलित तथ्यलाई गुणात्मक विधिका आधारमा शाब्दिक व्याख्या गरिएको छ । तथ्यलाई तालिकामा देखाइएको छ र समस्याकथन तथा उद्देश्यकथनमा आधारित भई व्याख्या विश्लेषण गरिएको छ । यस क्रममा परीक्षणका आधारलाई अवलम्बन गरी निष्कर्ष स्थापित गरिएको छ । प्रस्तुत अनुसन्धानमा विशिष्टीकरण तालिकाका आधारमा प्रश्नावली निर्माण गर्नु तत्त्वमीमांसा रहेको छ । द्वितीयक स्रोत र भाषिक परीक्षण सिद्धान्तलाई मूल्य मीमांसाका रूपमा लिइएको छ । यसका साथै अनुसन्धानबाट प्राप्त निष्कर्षलाई मूल्य मीमांसाका रूपमा लिइएको छ । यस प्रकारको मूल्य सापेक्षतावादी र उपयोगितामूलक रहेको छ । तर्कलाई लम्बीय र क्षितिजीय रूपमा प्रस्तुत गरिएको छ ।

## सैद्धान्तिक आधार

भाषा शिक्षणसँग सम्बन्धित भई गरिने परीक्षणलाई भाषिक परीक्षणका रूपमा लिइन्छ । पाठ्यक्रमले अपेक्षा गरेका सिकाइ उपलब्धि मापन गर्ने माध्यम परीक्षण हो । भाषा शिक्षणका सन्दर्भमा भाषिक सिप र पक्षको लेखाजोखा, भाषिक परीक्षणबाट गरिन्छ । विद्यार्थीको रुचि, क्षमता, आवश्यकता र स्तरअनुसार भाषिक परीक्षणका तरिका र प्रक्रिया पनि फरक हुन्छन् । यस तथ्यलाई आधार मानेर सोहीअनुसारका अभ्यासात्मक कार्यकलाप गराउनु वाञ्छनीय हुन्छ । भाषिक परीक्षण, भाषा सिकाइमा अभिवृद्धि गर्न सहयोग पुऱ्याउने महत्त्वपूर्ण क्रियाकलाप हो (पौडेल, २०७६, पृ. १७) । यसका लागि परीक्षणका साधन र तिनीहरू निर्माणका आधार बारे स्पष्ट हुन जरुरी हुन्छ । विशिष्टीकरण तालिका भाषिक परीक्षणको एक महत्त्वपूर्ण पक्ष हो ।

भाषिक परीक्षणका लागि विभिन्न सिद्धान्त र मान्यताहरू प्रयोगमा आएका छन् । सन् १९२० को दशकबाट बेन उड, विवद हेनमेन तथा सन् १९६० को दशकमा रबर्ट ल्याडो, क्यारोल, एस् पामर लगायतको योगदान भाषिक परीक्षणका सन्दर्भमा महत्त्वपूर्ण देखिन्छ (खनिया, सन् २००५, पृ. ७) । यसैको निरन्तरता स्वरूप काजक्लर र एडेल्मन् (सन् २०००) मा स्थापित गरेको भाषिक परीक्षण सिद्धान्तले प्रस्तुत अनुसन्धानका लागि सैद्धान्तिक आधार बनेको छ । यस सिद्धान्तले भाषा शिक्षण र परीक्षणका सन्दर्भमा के को जाँच लिने, कसले लिने, कसरी लिने, कुन ढाँचामा लिने, कहिले लिने र किन लिने भन्ने कार्यका विषय (कालक्जर र एडेल्मन, सन् २०००) मा स्पष्ट पारेको छ । परीक्षणको यही आधारमा विशिष्टीकरण तालिका निर्माण गर्ने र तालिकाका आधारमा प्रश्नावली निर्माण गर्न स्पष्ट आधार प्रदान गरेको छ । अतः यही मान्यतामा प्रस्तुत अनुसन्धान ।

## नतिजा र विमर्श

विशिष्टीकरण तालिकाका आधारमा प्रश्न निर्माण गरी प्रश्नावली निर्माण गर्नु असल परीक्षणको विशेषता हो । यही तथ्य र मर्ममा आधारित प्रस्तुत अनुसन्धानको नतिजा र छलफललाई निम्न उपशीर्षकमा आधारित भई प्रस्तुत गरिएको छ :

### विशिष्टीकरण तालिकाको निर्माण

शोधको क्षेत्र निर्धारण गरेर परीक्षणीय उद्देश्यहरूको निर्धारण गरेपछि परीक्षणीय विषयवस्तु, परीक्षणीय प्रक्रिया, परीक्षणीय प्रश्नका प्रकार, प्रश्न सङ्ख्या, अङ्कभार, समय तथा परीक्षण उद्देश्यका क्षेत्र एवम् तहहरूको स्पष्ट खाकालाई नै विशिष्टीकरण तालिका भनिन्छ (शर्मा र पौडेल, २०६७, पृ. ३४१ ) । विशिष्टीकरण तालिकाको निर्माण गरी परीक्षण विधिको चयन र प्रश्न निर्माण गर्न ज्यादै सजिलो हुन्छ । विशिष्टीकरण तालिका भनेको यस्तो तालिका हो जसले परीक्षणको उद्देश्य, यस उद्देश्यसँग सम्बन्धित विषयवस्तु तथा त्यस उद्देश्यलाई पूरा गर्न सोध्नु पर्ने प्रश्नहरूको प्रकार र संख्याका बारेमा स्पष्ट जानकारी दिन्छ । यसलाई परीक्षण तयारीको पूर्व योजना पनि भन्न सकिन्छ । यसले परीक्षणद्वारा कुन उद्देश्य पूरा गर्न, कुन विषयवस्तुबाट कस्ता र कतिवटा प्रश्नहरू सोध्नेबारे स्पष्ट मार्ग दर्शन गर्दछ (ज.ब.रा. र श्रेष्ठ, २०६७, पृ. १८७) । यसकारण विशिष्टीकरण तालिकाको निर्माण गर्दा सम्बन्धित विषयका शोध निर्देशकको सहकार्य मार्फत् यस्तो तालिका निर्माण गर्नुपर्दछ । यस्तो तालिका निर्माणको प्रमुख आधार सम्बन्धित शोधको प्रकृति र क्षेत्र नै हुन्छ । यसमा शोधार्थीले विषय, शोधको प्रकृति र क्षेत्र अनुरूप प्रश्नावली निर्माण गर्ने कार्य गर्नुपर्दछ ।

विशिष्टीकरण तालिका निर्माणको एक जटिल पक्ष प्रश्नहरूको किसिम र सङ्ख्या निर्धारण हो । विशिष्टीकरण तालिका निर्माणका निम्न आधारहरू हुन्छन् :

### अनुसन्धेय विषयको क्षेत्र

भाषिक पक्षहरूको अध्ययन गर्ने क्रममा शोधार्थीले आफ्नो शोधको क्षेत्रलाई स्पष्ट रूपमा निर्धारण गर्नुपर्छ । निर्धारित क्षेत्रभित्र रहेर विषयवस्तुको छनोट गरी उक्त विषयसँग सम्बन्धित प्रश्नहरूको निर्माण गर्नुपर्छ । जस्तैः 'कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको शब्द भण्डार क्षमताको

अध्ययन' नामक शीर्षकमा शोधकार्य गर्नुपर्‍यो भने प्रथमतः शोधार्थीले प्रश्नावलीमा तत्सम, तद्भव, आगन्तुक, झर्रा आदि शब्दहरू के कति मात्रामा प्रयोग गर्ने, समान अर्थ दिने र विपरीत अर्थ दिने शब्दहरू के कति मात्रामा प्रयोग गर्ने, वाक्यमा प्रयोग सम्बन्धी र शब्दार्थसम्बन्धी प्रश्नहरू के कति राख्ने भन्ने कुरा निर्धारण गर्ने कार्यहरू अनुसन्धेय क्षेत्रभित्र पर्दछन् ।

## नमुना जनसङ्ख्याको स्तर र क्षमता

प्रश्नपत्रको संख्या र किसिम तोक्ने प्रमुख आधार नमुना जनसङ्ख्याको स्तर र क्षमता हो । नमुना जनसङ्ख्याको बौद्धिक स्तरानुसार प्रश्नावली निर्माण गर्नुपर्छ । प्रारम्भिक तहका विद्यार्थीहरूलाई बढी मात्रामा वस्तुगत प्रश्नहरू उपयुक्त हुन्छन् भने उच्च तहका विद्यार्थीहरूलाई वस्तुगतका साथमा विषयगत प्रश्नहरू पनि समावेश गर्नु सान्दर्भिक हुन्छ ।

## समय निर्धारण

प्रश्नको जवाफ दिन बढी समय लाग्छ भने यस्ता प्रश्न कम मात्रामा समावेश गर्नु उपयुक्त हुन्छ । जवाफ दिन कम समय लाग्ने प्रश्नहरूलाई भने बढी मात्रामा समावेश गर्नु उपयुक्त हुन्छ ।

## विशिष्टीकरण तालिका

कुनै पाठ्यांशबाट प्रश्न निर्माण गर्नुभन्दा पहिले पाठ्यवस्तुको प्रकृति र पाठ्यभारअनुसार प्रश्नहरूको निर्माण तथा अङ्कभार आदिको सन्तुलन मिलाउन बनाइएको मूल्याङ्कन योजना विशिष्टीकरण तालिका हो । यसले पाठ्यक्रमद्वारा निर्दिष्ट उद्देश्यअनुसार प्रश्न निर्माण गर्न सहयोग पुर्‍याउँछ (भट्टराई र अन्य, २०७४, पृ. १७२) । विशिष्टीकरण तालिकाअनुसार निर्माण गरेको प्रश्नावली विश्वसनीय र वैध मानिन्छ। *कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको शब्द भण्डार क्षमताको अध्ययन*सम्बन्धी शोधपत्र लेखनमा प्रश्नावली निर्माणका लागि निम्नानुसारको विशिष्टीकरण तालिका तयार पार्न सकिन्छ ।

**नमुना १**

*विशिष्टीकरण तालिकाको नमुना*

| प्रश्नका प्रकार | प्रश्न सङ्ख्या | अङ्क भार | पूर्णाङ्क | उत्तर दिन लाग्ने समय |
|---|---|---|---|---|
| अ) बहुवैकल्पिक | १० | १ | १० | १० मिनेट |
| आ) खाली ठाउँ भर्ने | ५ | १ | ५ | ५ मिनेट |
| इ) समान अर्थ दिने | ५ | १ | ५ | ५ मिनेट |
| ई) विपरीत अर्थ दिने | ५ | १ | ५ | ५ मिनेट |
| उ) वाक्यमा प्रयोग गर्ने | ५ | १ | ५ | ५ मिनेट |
| ऊ) शब्दको अर्थ दिने | १० | १ | १० | १० मिनेट |
| ए) परिभाषाका आधारमा खाली ठाउँ भर्ने | १० | १ | १० | १० मिनेट |
| जम्मा | ५० | | ५० | ५० मिनेट |

तालिका १ अनुसार प्रश्नावली निर्माणको आधार विशिष्टीकरण तालिका हो भन्ने तथ्य स्पष्ट हुन्छ । यहाँ वस्तुगत प्रश्न निर्माणका लागि आवश्यक पर्ने विशिष्टीकरण तालिकालाई स्पष्ट पारिएको छ ।

## प्रश्नावली निर्माण

शोधार्थीले शोधकार्यका क्रममा विशिष्टीकरण तालिका निर्माण गरिसकेपछि उक्त तालिकाका आधारमा प्रश्नवली निर्माण गर्नुपर्छ । प्रश्नावली निर्माण गर्दा संज्ञानात्मक (ज्ञान, बोध, प्रयोग, संश्लेषण, विश्लेपण र मूल्याङ्कन) क्षमता मापन गर्ने खालका प्रश्नहरू निर्माण गर्नु उपयुक्त हुन्छ । त्यस्तै प्रश्नावलीमा वैधता, विविधता, व्याप्तता (समग्र शोध शीर्षकलाई ढाक्ने) स्तरयुक्तता र विषयवस्तुगत सन्तुलन जस्ता गुणहरू प्रश्नावलीमा निहित हुनुपर्छ ।

भाषिक पक्षअन्तर्गत प्रश्नमा प्रयोग गर्ने शब्दावलीले शोधका उद्देश्यहरूलाई स्पष्ट रूपमा समेट्नु पर्दछ। दोहोरो अर्थ लाग्ने वा झुक्याउने शब्दावलीहरूको प्रयोग कदापि गर्नु हुँदैन । अनिश्चयार्थक शब्दावली जस्तै 'कहिलेकाहीँ' 'कुनै', 'केही', धेरै जसो जस्ता प्रश्न सूचक शब्दावलीको प्रयोग गर्नु हुँदैन । प्रश्नहरूले जवाफको सीमा र स्वरूप दुवै निर्धारण गर्नुपर्छ । के थाहा छ ?' 'के जानेका छौ ?', 'के बुझ्नुहुन्छ ?' जस्ता अमापनीय प्रश्नहरू शोधसँग सम्वन्धित प्रश्नावलीमा प्रयोग गर्नु हुँदैन । प्रश्नहरू धेरै लामो हुनु हुँदैन । यस्ता प्रश्नहरू संक्षिप्त, स्पष्ट तथा खँदिला हुनुपर्छ । यसमा प्रयोग गरिने शब्दावलीहरूले मापन गर्न खोजेका व्यावहारहरू अवलोकन योग्य, विशिष्ट तथा मापन योग्य हुनुपर्छ। एउटा प्रश्नले एउटा व्यवहार मात्र मापन गर्नु पर्छ (ज.व.रा. र श्रेष्ठ, २०६७, पृ. १९३) । एउटा प्रश्नले एकभन्दा बढी जवाफहरूको अपेक्षा गर्नुहुँदैन । शोधमा प्रयोग गर्न सकिने प्रश्नवालीको नमुना यस प्रकार छ :

## प्रश्नावली

निश्चित विषयमा व्यक्ति वा समूहका प्रतिक्रिया बुझ्नका लागि तयार पारिएका प्रश्नहरूको औपचारिक तालिका प्रश्नावली हो । प्रश्नावलीबाट प्राप्त उत्तरहरूले परिकल्पना परीक्षणका लागि तथ्याङ्क सङ्कलन उपलब्ध गराउँछन् (शर्मा, २०७४, पृ. २९१) । प्रश्नावली संरचित, असंरचित, बन्द , खुला, चित्रात्मकलगायत विभिन्न प्रकृतिका हुन्छन् ।

*कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको शब्द भण्डार क्षमताको अध्ययन*सम्बन्धी शोधपत्र लेखनमा विशिष्टीकरण तालिका निर्माण गरिसकेपछि तालिका बमोजिम निम्नानुसारका प्रश्नहरू तयार पार्न सकिन्छ :

**नमुना - २**

*प्रश्नावली*

विद्यालयको नाम : ...................................  समय : ......................

विद्यार्थीको नाम : ...............................  मिति : ...................

कक्षा : ................  छात्र / छात्रा : ................

अ) ठिक अर्थको अगाडि रेजा (√ ) चिन्ह लगाऊ ।  १०×१=१०

१. प्रगति

क) सम्पत्ति  ग) दुर्गति

ख) उन्नति  घ) इज्जत

२. चेतनशील

क) धेरै चेतना भएको  ग) चेतना नभएका

ख) कम चेतना भएको  घ) चेतना भएको

३. कर्म

क) परिश्रम  ग) भाग्य

ख) काम  घ) मिहिनेत

४. चौतर्फी

क) चारैतर्फ  ग) धेरै तर्फ

ख) दुवैतर्फ  घ) थोरैतर्फ

५. अवलोकन

क) देख्नु  ग) हेर्नु

ख) बुझ्नु  घ) सुन्नु

६. आवत जावत

क) जाने र नजाने काम  ग) दिने र लिने काम

ख) आउने र जाने काम  घ) गर्ने र नगर्ने काम

७. सजग

क) बलवान् ग) शक्तिशाली

ख) मूर्खता घ) होसियार

८. पश्चात्ताप

क) अचम्म ग) खुसियाली

ख) पछुतो घ) वेदना

९. आत्मीय

क) मन मिल्ने ग) मनपर्ने

ख) मन नमिल्ने घ) मन नपर्ने

१०. चयन

(क) चोर्ने काम ग) छान्ने काम

ख) चाहिएको घ) नचाहिएको

आ) मिल्दो शब्द छानी खाली ठाउँ भर । ५×१=५

१. संसारको सबैभन्दा मूल्यवान् वस्तु ............. हो । (पैसा, सुख, समय)

२. सेवा गरे ............ मिल्छ । (कर्म, धर्म, मेवा)

३. प्रत्येक वर्षमा खास दिन मनाइने उत्सवलाई ............ भनिन्छ । (बाल दिवस, वार्षिकोत्सव, शिक्षा दिवस)

४. मनमा खराब विचार भएको मान्छेलाई ........... भनिन्छ । (दुष्टकारी, आज्ञाकारी, कुविचारी)

५. लहरा र पातहरूले ढाकिएको ठाउँ ............. हो । (कुञ्ज, तट, पर्वतराज)

इ) समान अर्थ दिने शब्द छानेर खाली ठाउँमा जोडा मिलाऊ । ५×१=५

१. ( ) संसार क) गगन

२. ( ) भय ख) रुख

३. ( ) आकाश ग) धर्ती

४. ( ) तरल घ) जगत्

५. ( ) वृक्ष ङ) झोल

च) डर

ई) उल्टो अर्थ दिने शब्द छानेर खाली ठाउँमा जोडा मिलाऊ । ५×१=५

१. ( ) घमण्डी क) शिर

२. ( ) अमृत ख) गुरु

३. ( ) पुच्छर ग) थोरै

४. ( ) शिष्य घ) ज्ञानी

५. ( ) प्रशस्त ङ) रिस

६. ( ) च) विष

उ) तल दिएका शब्दलाई वाक्यमा प्रयोग गर । ५×१=५

१. झलमल्ल - ...................

२. प्रकृति - ...................

३. पो - ...................

४. आलु खानु - ...................

५. चाडपर्व - ...................

ऊ) तल दिएका शब्दहरूको अर्थ लेख । १०×१ = १०

१. निरन्तर - ...................

२. आय आर्जन - ...................

३. जहान - ...................

४. वाणी - ...................

५. अनन्त -...................

६. हृदय - ...................

७. वगान - ...................

८. तट - ...................

९. पोसिलो - ...................

१०. स्वावलम्बी - ...................

ए) परिभाषाका आधारमा खाली ठाउँमा मिल्दो शब्द राख । १०×१=१०

१. मानिस .............. प्राणी हो ।

२. खेतीपातीको काम गर्नेलाई ..............भनिन्छ ।

३. बालबालिकासम्बन्धी हकलाई .............. भनिन्छ ।

४. मानिस ठूलो .............. हुन्छ, जातले हुँदैन ।

५. छपाइ तथा सञ्चार सम्बन्धी आधुनिक मेसिनलाई .............. भनिन्छ ।

६. मानिसको सबैभन्दा ठुलो शत्रु ............ हो ।

७. राजाको दरवारलाई .............. भनिन्छ ।

८. घुमाउरो परेको ठाउँलाई .............. भनिन्छ ।

९. सुत्केरी गराउने घरलाई .............. भनिन्छ ।

१०. शरीरको कुनै अङ्ग नभएको मानिसलाई .............. भनिन्छ ।

**उत्तर कुञ्जिका**

अ) १ ख २. घ ३. ग ४. क ५. ग ६. ख ७. घ ८. ख ९. क १०. ग

आ) १. समय २. मेवा ३. वार्षिकोत्सव ४. कुविचारी ५ कुञ्ज

इ) १. घ २. च ३. क ४. ङ ५. ख

ई) १. घ २. च ३. क ४. ख ५. ग

उ) १. झलमल्ल - बिजुली आएको बेलामा त सहर झलमल्ल हुन्छ ।

२. प्रकृति -हिमालहरू प्रकृतिका उपहार हुन् ।

३. पो - राम भनेको त श्याम पो गएछ ।

४. आलु खानु - पढ्न अल्छी गर्ने हरिले परीक्षामा आलु खाएछ ।

५. चाडपर्व - हामीले हाम्रा चाडपर्वहरू राम्ररी मनाउनु पर्छ ।

ऊ) १. सधैँ, लगातार २. आमदानी, कमाई ३. परिवार ४ बोली ५. अन्त्य नभएको ६ मन, मुटु, आत्मा ७. बगैंचा, खेती ८. नदीको किनार ९. तागतिलो १०. आफ्नो काम आफै गर्ने

ए) १. चेतनशील २. किसान ३. बालअधिकार ४. दिलले ५. कम्प्युटर ६. रिस र घमण्ड ७. राजदरवार ८. घुम्ती ९. प्रसूती गृह १०. अपाङ्ग

नमुना २ मा दिइएका प्रश्नावली र तिनको उत्तरकुञ्जिकाले प्रश्न निर्माण सम्बन्धी सैद्धान्तिक र प्रायोगिक कार्यलाई स्पष्ट पारेका छन् । वस्तुगत प्रश्न निर्माणमा निर्देशन आवश्यक हुने देखिन्छ । यसै गरी उत्तरकुञ्जिकामा प्रश्नअनुसार तिनको सही उत्तर आवश्यक हुन्छ । वस्तुगत प्रश्नलाई पनि बहुबैकल्पिक प्रश्न, खाली ठाउँ भर्ने प्रश्न, जोडा मिलाउने प्रश्न, ठिक बेठिक छुट्याउने प्रश्न गरी चार प्रकारमा वर्गीकरण गरेर निर्माण गर्न सकिन्छ । यसका साथै परिभाषा दिने, शब्दलाई वाक्यमा प्रयोग गर्न लगाउने र अर्थ लेख्ने प्रश्नलाई पनि वस्तुगत प्रश्नभित्र नै समावेश गरी प्रश्न निर्माण गर्न सकिन्छ । यस तर्फ सम्बन्धित विशेषज्ञ, प्रश्न निर्माता, शिक्षक र विद्यार्थीसमेतको ध्यान पुग्नुपर्ने देखिन्छ ।

## निष्कर्ष

शोधार्थीले तथ्याङ्क सङ्कलन कार्यलाई व्यवस्थित बनाउनका लागि प्रश्नावली निर्माण कार्य अपरिहार्य हुन्छ । शोध शीर्षकको क्षेत्रलाई समेटी मापनीय, अवलोकन योग्य, व्यावहारिक, यथार्थपरक एवम् स्पष्ट प्रश्नावली निर्माणका लागि विशिष्टीकरण तालिका तयार पार्नु अनिवार्य हुन्छ । यदि शोधार्थीले विशिष्टीकरण तालिका नबनाई प्रश्नावली निर्माण गरेको खण्डमा शोध विश्वसनीय र वैद्य नहुन सक्छ । विशिष्टीकरण तालिकानुसार प्रश्नहरू निर्माण गर्दा शोधार्थीलाई अन्योलतामा रुमलिन पर्दैन । यसबाट शोधको उद्देश्यानुसार निष्कर्ष निकाल्न सहयोग पुग्छ । प्रश्नावलीको प्रशासन (प्रश्नको प्रयोग) र परीक्षणमा पनि विशिष्टीकरण तालिकाले महत्वपूर्ण भूमिका खेल्दछ । साथै यसबाट शोधमा आवश्यक हुने तथ्यहरू छुट्ने र अनावश्यक तथ्यहरू आउन सक्ने सम्भावना रहँदैन । त्यसैले शोधार्थीले आफ्नो शोधलाई सामान्यीकरण गर्न र योग्य तुल्याउनका लागि विशिष्टीकरण तालिका निर्माण गरी प्रश्नावली तयार पार्न आवश्यक हुन्छ ।

## सन्दर्भ सामग्री सूची

काजक्लर, डब्लु एन्ड एडेल्मन, आर (सन् २०००), *द प्राक्टिस अफ फरेन ल्याङ्वेज टिचिङ,* डेभिड फल्टन ।

खनिया, तीर्थराज (सन् २००५), *इग्जामिनेसन फर इन्हेन्स्ड लर्निङ,* मिलिनियम एजुकेसन प्रा.लि. ।

ज.व.रा. स्वयम्प्रकाश र श्रेष्ठ, चन्द्रबहादुर (२०६७), *शिक्षामा मापन र मूल्याङ्कन,* विद्यार्थी पुस्तक भण्डार ।

पाठ्यक्रम विकास केन्द्र (२०६४), *एस.एल.सी. विशिष्टीकरण तालिका,* पाठ्यक्रम विकास केन्द्र ।

पाठयक्रम विकास केन्द्र (परिमार्जित सं. २०६५), *कक्षा पाँच मेरो नेपाली,* नेपाल सरकार ।

पौडेल, माधव (२०७७), *भाषिक परीक्षण,* विद्यार्थी पुस्तक भण्डार ।

बन्धु, चूडामणि (२०७०), *अनुसन्धान तथा प्रतिवेदन लेखन,* रत्न पुस्तक भण्डार ।

भट्टराई, रामप्रसाद; शर्मा, विष्णुप्रसाद; कँडेल, श्रीप्रसाद; अर्याल, कलाधर; विष्ट वासुदेव र भट्टराई तीर्थराज (२०७४), *नेपाली भाषा शिक्षण,* शुभकामना प्रकाशन ।

शर्मा, केदारप्रसाद र पौडेल, माधवप्रसाद (२०६७), *नेपाली भाषा र साहित्य शिक्षण,* विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, विष्णुप्रसाद (२०७४), भाषिक अनुसन्धानमा उपकरण निर्माण प्रक्रिया*, पृथ्वीदर्पण, (५),* २८३-२९८ ।

शर्मा, विष्णुप्रसाद (२०८०), *भाषा शिक्षणका आधार,* फिस्टेल पब्लिकेसन प्रा.लि. ।

सुवेदी, अर्जुनप्रसाद (२०७४), *नेपाली भाषा शिक्षण,* करुधरा पब्लिकेसन प्रा.लि. ।

सुवेदी, अर्जुनप्रसाद (२०८१), *नेपाली भाषा शिक्षण,* क्वेस्ट पब्लिकेसन प्रा.लि. ।